**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना व्यवस्थापन एकाइ, खुमलटार, ललितपुर

## कृषि स्नातक (इन्टर्न) खटाउने कार्यक्रमका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०६/२२**

यस परियोजनाको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि स्नातक (इन्टर्न) खटाउने प्रयोजनार्थ अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले कृषि स्नातकको Course Curriculum मा इन्टर्नको व्यवस्था भएका नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्रुवविद्यालय/अध्ययन संस्थान/कलेजहरुबाट कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ बमोजिम निम्नानुसारका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र र उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र यस परियोजनामा खामबन्दी आशयपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- आशयपत्र सम्बन्धी निवेदन ।
- संस्थाको विस्तृत विवरण ।
- कृषि स्नातक पाठ्यक्रम (Course Curriculum) ।
- सल्लाहकार समिति, अभिमुखीकरण गोष्ठी, सेमिनार, कार्यमूलक अनुसन्धान (Action Research) र कृषक मैत्री प्रविधिको सँगालो (Package of Practice) को सन्दर्भमा विस्तृत लागत अनुमान खुल्ने गरी कार्य ढाँचा पेश भएको हुनुपर्ने ।
- गत विगत वर्षहरुमा कृषि स्नातक (इन्टर्न) परिचालन कार्यक्रममा सहभागी भएको भए प्राप्त अनुदान रकमको लेखापरीक्षण प्रतिवेदन र बेरुजु फर्छ्यौट विवरण ।
- यस आ.व. मा उपलब्ध हुने कृषि स्नातक (इन्टर्न) संख्या र लागत ।
- सो सँग सम्बन्धित अन्य कागजातहरु भएमा थप गर्न सकिनेछ ।

**थप जानकारीको लागिः**

१. कृषि स्नातक (इन्टर्न) को विस्तृत कार्य विवरण (ToR) एवं अन्य जानकारी परियोजना व्यवस्थापन एकाइ खुमलटार, ललितपुरको वेभसाईटमा रहेको कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ बाट प्राप्त गर्न सकिनेछ।

२. कृषि इन्टर्न परिचालन सम्बन्धमा यस परियोजनाको दस्तावेज, कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

**थप जानकारीका लागि सम्पर्कः**
परियोजना व्यवस्थापन एकाइ, खुमलटार, ललितपुर
फोन नं. ०१-५५२०३४६
इ-मेलः pmamp.pmu@gmail.com
वेभसाइटः www.pmamp.gov.np